# बैठक नं. ६१

आज मिति २०७६ माघ २६ गते आईतबार दिउँसो ५:१५ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमकोउपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, ले.अ. | श्री मित्र प्रसाद घिमिरे | |
| २४ | आमन्त्रित, सूचना प्रविधि अ. | श्री परशुराम चौलागाई | |

**<u>निर्णय नं. १</u>**

यस नगरपालिकाको अगामी छैठौं नगर सभा तयारी सम्बन्धमा हाल सम्म भैरहेको प्रगति सम्बन्धी जानकारी बैठकमा प्रस्तुत भै नगरसभामा पेश गर्नका लागि देहाय अनुसार गर्ने निर्णय गरीयो ।

- क) नगर स्तरीय तथा वडा स्तरीय योजना कार्यक्रम संसोधन गर्नुपर्ने अवस्थामा तिनमहले फारम सहित संसोधन प्रस्ताव तयार गर्ने ।
- ख) गत आर्थिक वर्ष २०७५/७६ मा स्वीकृत योजना चालु आ.व २०७६/७७ मा अल्या(जिम्मेवारी सारिएका) भएकोमा सोही शीर्षकमा खर्च गर्ने ।

**<u>निर्णय नं. २</u>**

चालु आ.ब. २०७५/०७६ का लागि स्वीकृत आर्थिक ऐन अनुसार अनुमान गरिएको राजस्वमा थपघट फेरबदल भएको अवस्थामा आन्तरिक राजश्व अनुमान तर्फ सेवा शुल्क, कर, दस्तुरमा थप स्पष्ट गर्नुपर्ने र अनुमानित रकममा थपघट गर्नुपर्ने भएमा पुष्ट्याई सहित संसोधन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u>**

माथि उल्लेखित निर्णय नं. ३ अनुसार चालु आ.व.को स्वीकृत आर्थिक ऐन, २०७६ मा संसोधन भई वजेट रकममा भिन्नता आउने अवस्थामा सोही अनुसार विनियोजन ऐन, २०७६ मा समेत संशोधन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४</u>**

नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्ने उद्देश्यले आगामी २०७७ साल बैसाख १६ गतेदेखि २० गते सम्म यस नगर क्षेत्रको ऐतिहासिक, धार्मिक, साँस्कृतिक र मौलिक पहिचान झल्किने गरी पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ **<u>"कीर्तिपुर महोत्सब २०२०"</u>** आयोजना गर्ने र सो को प्रथम दिनको समुद्घाटन कार्यक्रमको प्रमुख आतिथ्यताका लागि सम्माननीय उप-राष्ट्रपति नन्द बहादुर पुनज्यूलाई हार्दिक आमन्त्रण गर्ने साथै उक्त कार्यक्रमलाई भव्यताका साथ सफल पार्नका लागि नगरप्रमुख श्री रमेश महर्जनको संयोजकत्वमा यस नगरपालिकाका सबै जनप्रतिनिधिहरु, सरोकारवाला एवं सर्वपक्षीय प्रतिनिधित्व रहने गरी १५१ सदस्यीय **<u>"कीर्तिपुर महोत्सब मूल समारोह समिति २०२०"</u>** गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कीर्तिपुर बास्केटबल एकेडेमिको आयोजनामा यही २०७६ फागुन १० गतेदेखि १७ गते सम्म वडा नं. १० यस स्थित कबर्डहलमा आयोजना हुन गैरहेको ९ औं अन्तर वडा बास्केटवल प्रतियोगिता, २०७६ का लागि उक्त एकेडेमीले माग गरेको अनुमानित रु. २,८७,०००/- को लागन अनुमान मध्ये यस नगरपालिकाको तर्फबाट रू १,२०,००० ।- ( रु. एक लाख बीस हजार मात्र) नगर खेलकुद प्रवर्द्धन शीर्षकबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकामा विगत ३ वर्षदेखि स्वास्थ्य शाखामा कार्यरत भै गत १ वर्षदेखि स्वस्थ्य शाखा संयोजकको रुपमा ईमान्दारी एवं लगनशिलताका साथ कार्यरत स्थानीय, अनुभवी, सि.अ.हे.व. श्री सन्तमान मानन्धरलाई यसै कार्यालयमा समायोजन गरी निरन्तरता दिनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगर क्षेत्रमा हाल करिब ५०-५५ जना मृगौला सम्बन्धि समस्याका बिरामीहरुले नियमित डायलासिस् गराउन पर्ने भै यस नगरपालिकाको तर्फबाट कीर्तिपुर अस्पताललाई हेमोडायलासिस युनिट स्थापनार्थ यस न.पा.को तर्फबाट सहयोग उपलब्ध गराईएकोमा हाल सो अस्पतालले २ (दुई) थान डायलासिस् मेसिन जडान गरी सकेकोमा सो सेवा संचालनका लागि न्यूनतम ५(पाँच) थान मेसिन जडान हुनुपर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जानकारी प्राप्त हुन आएको र मृगौला सम्बन्धि समस्याका बिरामीहरुको रात, साँझ, बिहान काठमाडौं, ललितपुर, भक्तपुर समेतमा गै डायलासिस् गराउनु पर्दा निकै कठिनाई भोग्नु परिरहेको तथ्यलाई हृदयंगम गरी थप ३ (तीन) थान डायालासिस मेसिन जडानका लागि यस नगरपालिकाका तर्फबाट बजेट उपलब्ध गराउनका लागि संसोधित बजेटमा समावेश गर्न आगामी नगर सभा बैठकमा प्रस्ताव पेश गर्न निर्णय गरियो ।

**निर्णय नं.८**

वडा नं ४ गाम्चा स्थित डोको बुन्ने पेसा गरी जीवन गुजारा गरिरहेका विपन्न वर्गका ५/६ सम्म घरपरिवारहरुलाई घर निर्माणका लागि रु. ३५,००,०००/- (पैतिस लाख) रकम व्यवस्था गर्नका लागि चालु २०७६/०७७ को संसोधित बजेटमा समावेश गर्न र यसबाट बचेको रकम अन्य वडामा प्रयोग गर्ने गरी आगामी नगर सभा बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।